नेपाल सरकार
सामान्य प्रशासन मन्त्रालय
हरिहर भवन, काठमाण्डौ

प्रेस विज्ञप्ति

सामान्य प्रशासन मन्त्रालय र नेपाल प्रशासन पत्रकार मञ्चको संयुक्त आयोजनामा आज मिति २०७३।१०।०९ गते आइतबार संघीयता कार्यान्वयन र प्रशासन पुनःसंरचनाका विविध विषयलाई समेटेर प्रशासक संचारकर्मी र विज्ञहरुवीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

सामान्य प्रशासन मन्त्रालयका सचिव श्री पूर्णचन्द्र भट्टराईको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा प्रमुख अतिथिको रुपमा सामान्य प्रशासन मन्त्री केशव कुमार बुढाथोकी तथा विशिष्ट अतिथिको रुपमा नेपाल सरकारका मुख्य सचिव डा. सोमलाल सुवेदी रहनु भएको थियो। कार्यक्रममा सामान्य प्रशासन मन्त्रालयका सह सचिव श्री नीता पोखरेल (अर्याल) ले कार्यक्रममा सहभागी हुनुभएका महानुभावहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भयो।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि माननीय मन्त्री बुढाथोकीले संघीयतामा जनताको घरदैलोमा प्रत्यक्ष सेवा पुर्याउन राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व संवेदनशील भएर लाग्नु पर्ने आवश्यकता औंल्याउनु भयो। उहाँले प्रशासनिक पुनःसंरचनाको क्रममा संविधानले निर्दिष्ट गरे बमोजिम सबैको भावना समेटेर विवाद नआउने गरी पुनःसंरचनाको कार्य अघि बढाइने जानकारी दिनु भयो।

कार्यक्रममा विशिष्ट अतिथिको रुपमा नेपाल सरकारका मुख्य सचिव डा. सोमलाल सुवेदीले संघीयता कार्यान्वयनको क्रममा सेवा प्रवाहमा प्रभावकारिता, संक्रमणकालिन व्यवस्थापन तथा जनताको सन्तुष्टि र सम्वृद्धिमा विशेष प्राथमिकता दिनु पर्ने बताउनु भयो। उहाँले संविधानको अनुसूचि ५ देखि ९ सम्म उल्लेख भएका अधिकार क्षेत्रको विस्तृतीकरण (Unbundling) गर्दा शुरु देखि हालसम्मका उपलब्धीहरुका बारेमा प्रकाश पार्नु भयो।

सामान्य प्रशासन मन्त्रालयका सचिव श्री पूर्णचन्द्र भट्टाईले संघीयता कार्यान्वयन तथा प्रशासन पुनसंरचनाको सम्बन्धमा सरकारीस्तरबाट भइरहेका कार्यहरुको जानकारी गराउनु भएको थियो । उहाँले नेपाल सरकाबाट स्वीकृत भएको संविधान कार्यान्वयन सम्बन्धी रोडम्याप बमोजिम सामान्य प्रशासन मन्त्रालयले गर्नुपर्ने कार्यहरु सम्पादन भइरहेको र कार्ययोजनाले तोकेको समयावधि भित्रनै कर्मचारी समायोजन सम्बन्धी ऐनको तर्जुमा गरी परामर्शको चरणमा रहेको उल्लेख गर्नुभयो। साथै कर्मचारी समायोजन पश्चात सरकारको तीनै तहमा रहने कर्मचारी सम्बन्धमा राष्ट्रिय कर्मचारी नीति तर्जुमा हुदै गरेको र यसै अनुसार संघ, प्रदेश निजामती सेवा ऐन तर्जुको कार्य समेत अगाडि बढाइएको बताउनु भयो ।

२०७३।१०।०९

नेपाल सरकार
सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

कार्यक्रममा बोल्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव श्री दिनेशकुमार थपलियाले संघीयता कार्यान्वयनका बारेमा भएका कार्यहरुको जानकारी गराउदै सबै मन्त्रालयहरुसँग आ आफ्नो क्षेत्राधिकारको सम्बन्धमा राय सुझाव माग गरिएको, वित्तीय संघीयताका सम्बन्धमा अर्थ मन्त्रालयले काम गरिरहेको र शान्ति सुरक्षाको समग्र पुनसंरचना सम्बन्धमा गृह मन्त्रालय लगायतका निकायहरुबाट आवश्यक कार्य भइरहेको जानकारी गराउनु भयो।

कार्यक्रममा बोल्दै प्रशासन विज्ञ एवं पूर्व सचिव श्री बालकृष्ण प्रसाईंले संघीयता कार्यान्वयन र प्रशासन पुनसंरचनामा राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व प्रतिवद्ध हुन नसकेमा संघीयता कार्यान्वयनमा कठिनाइ आउन सक्ने औंल्याउनु भयो। कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघका केन्द्रिय सचिव श्री ध्रुव लम्सालले संघीयता कार्यान्वयनमा प्रशासनिक नेतृत्वबाट भएका कार्यहरु प्रंशसनीय भए पनि सेवा प्रवाहमा अपेक्षाकृत नतिजा हासिल गर्न नसिकएको विषयसमेत उठान गर्नु भएको थियो। उहाँले संघीयता कार्यान्वयन र प्रशासन पुनःसंरचनाको सम्बन्धमा भइरहेका कार्यहरुप्रति संचारकर्मीको सकारात्मक भूमिका रहने बताउनु भयो।

सोहि अवसरमा नेपाल प्रशासन पत्रकार मञ्चका अध्यक्ष श्री सागर पण्डितले संघीयताका मूल्य मान्यतालाई जनताको घरदैलोमा पुर्याउन प्रशासनयन्त्र सफल हुनु पर्नेमा जोड दिदै कर्मचारीको कार्यशैलीमा सुधार गर्नु पर्ने आवश्यकता औंल्याउनु भयो।

संचारकर्मीहरुले संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचनाको सन्दर्भमा सकारात्मक एवं सल्लाहकारी भूमिका निर्वाह गर्दै रचनात्मक सुझाव गर्नुपर्ने विषयहरु समेतमा जोड दिएका थिए। साथै सेवा प्रवाह, कर्मचारी व्यवस्थापन र राज्यका तीन तहहरुको अधिकार क्षेत्र लगायतका विषयमा राखिएका जिज्ञासाहरुको सम्बन्धमा माननीय सामान्य प्रशासन मन्त्री केशव कुमार बुढाथोकी तथा सचिव द्वय श्री पूर्णचन्द्र भट्टराई तथा श्री दिनेशकुमार थपलियाले स्पष्ट पार्नु भयो। कार्यक्रमको संचालन सामान्य प्रशासन मन्त्रालयका उपसचिव श्री प्रकाश दाहालले गर्नु भएको थियो।

२०७३।१०।०५